का.जि.प्र.का.द.नं. १००/०५९/६०


३२ साउन २०८१,
शुक्रबार
16 August, 2024
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न





# प्रचण्डको दौडधुप

नेकपा एकीकृत समाजवादी र नेपाल कम्युनिष्ट पार्टीसँग एकताको प्रयासमा रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पार्टीभित्रको अन्तरविरोध मिलाउन पनि उतिकै सक्रिय छन् । सरकारको कामकारबाहीमा समेत निरन्तर चासो राखिरहेका देखिन्छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ साउन ।

बिहीबार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा उपस्थित भए । भ्रष्टाचार निवारण ऐन संशोधन विधेयकमाथिको छलफलमा भाग लिँदै उनले भ्रष्टाचार आरोपमा मुद्दा दर्ता हुनेबित्तिकै सार्वजनिक पद धारण गरेका व्यक्ति निलम्बनमा पर्ने व्यवस्थामा पुनरावलोकन आवश्यक रहेको बताए ।

संसदीय समितिको बैठक अगाडि प्रचण्डले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल र नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दसँग भेटेका थिए । समाजवादी मोर्चामा रहेका यी दुवै दलसँग एकता गर्ने प्रयासमा रहेका प्रचण्ड बीचमा समय मिलाएर संसदीय समितिको बैठकमा छिरेका हुन् ।

संसदीय समितिको बैठकमा केहीबेर बसेर प्रचण्ड पार्टीको स्थायी कमिटीको बैठकमा सहभागी हुन पुगे । जहाँ प्रचण्डले यसअघि स्थायी कमिटीको बैठकमा उठेका प्रश्नहरूको सम्बोधन गरे ।

त्यसक्रममा उनले प्रदेशस्तरमा पार्टीको कार्यक्रम लैजाने घोषणा गरे । नेतृत्व हस्तान्तरणको बहस चलाएका उपमहासचिव जनार्दन शर्मालाई समेत चिढाएनन् । जनार्दनले पार्टीलाई बलियो नै बनाउन खोजेको भन्दै नेतृत्व हस्तान्तरणको विषय केन्द्रीय समितिको बैठकमा लैजाने बताए ।

नेताहरूका अनुसार एकीकृत समाजवादी र नेपाल कम्युनिष्ट पार्टीसँग एकताको प्रयासमा रहेका प्रचण्ड पार्टीभित्रको अन्तरविरोध मिलाउन उत्तिकै सक्रिय भएको बिहीबारको अभिव्यक्तिमा झल्किन्थ्यो । सरकारको कामकारबाहीमा निरन्तर चासो राखिरहेका छन् ।

केही दिनभित्र सरकारको कामकारबाहीबारे संसदमा बोल्न तयारी उनको छ । यसका साथमा नेकपा माओवादी केन्द्र, नेकपा >>> पृष्ठ २ मा

# जहाँ छ विश्वास र आशा

बालबालिकामा देखिने आत्मकेन्द्रित व्यवहार अर्थात अटिजम नेपाली समाजका लागि ठूलै समस्या बनेको छ । त्यस्ता बालबालिकालाई फेरि सामान्य अवस्थामा फर्काउन चाहनेहरुको आशा केयर सेन्टरहरुमा देखिन्छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३१ साउन

एक्लै कुदिरहेका एक बालक । जो चिप्लेटीमा चिप्लिन खोजिरहेका थिए, आफ्नै लयमा खेलिरहेका थिए । झट्ट हेर्दा उनी जिद्दि देखिन्थे ।

यो दृष्य बालुवाटारमा रहेको नियो चाइल्ड केयर सेन्टरको हो । जहाँ अटिजम भएका बालबालिकालाई उपचार गर्नुका साथै उनीहरुको क्षमताअनुसारको शिक्षा दिइन्छ ।

जिद्धि देखिने ती बालक नियोकै विद्यार्थी हुन् । ६ वर्षका उनीलाई नियोमा पाँच महिना अघि मात्र भर्ना गराइएको थियो । उनमा एक ठाउँमा बस्न नसक्ने, मानिसहरुसँग घुलमिल हुन नसक्ने, आफूलाई गर्न मन लागेको कुराहरु गर्न नसक्ने र भन्न पनि नसक्ने किसिमको समस्या रहेको सोही केयर सेन्टरमा कार्यरत थेरापिस्ट सिम्रन बस्नेत बताउँछिन् ।

थेरापिस्ट बस्नेतकाअनुसार ती बालक भर्ना भएको समयतिर मोबाइलमा केही हेरिरहन मात्र रुचाउँथे । मोबाइल हातमा नभएको समयमा आफैं रिसाउने पनि गर्थे र कसैको नजिक जादैनथें । 'फोनमा मात्र केन्द्रित हुने अनि एक ठाउँमा बस्दै नबस्ने, दौडिरहने स्वभाव थियो बाबुको', बस्नेतले भनिन् ।

बस्नेतकै कार्यकक्षमा थिए, १४



वर्षका सुशान्त । उनी हेर्दा सामान्य देखिए पनि स्वभाव भने असामान्य थियो । बोली अस्पष्ट, व्यवहार पाँच/छ वर्षका नानीबाबु सरह र नयाँ कोही अगाडि देख्दा उनलाई असहज हुने रहेछ ।

यी समस्या बीच पनि उनमा भएको मादल बजाउने खुबी प्रष्टै देख्न सकिन्थ्यो । मादल हातमा लिएर बसेका सुशान्तले गीतसँगै आफूले मादल बजाउने स्वच्छा राखेकाले बस्नेतले 'म्याउ म्याउ विरालो यता तिर आऊ' भन्ने बालगीत गाउँदै थिइन्, सुशान्त ताल मिलाएझैं गरी मादल ठोक्दै थिए ।

बस्नेतले गीत फेरिन्, 'फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार', सुशान्तले पनि सुरमा सुर मिलाउन खोज्दै भने, 'फूल.....को आँ..खामा', सँगै मादलको दुईतिरै राखेका हातलाई जोरले ठोके ।

खासै घुलमिल हुन नखोज्ने भएपनि विगत सात महिनादेखिको थेरापीले उनलाई गाउन र मादल बजाउन प्रोत्साहन मिलेको थेरापिस्ट बस्नेतले बताइन् ।

बस्नेतकै कार्यकक्ष छेउमा अर्की थेरापिस्ट निलम लामाको कार्यकक्ष छ । जसमा लामाले एक जना बाबुसँग सम्वाद गर्दै थिइन् ।

ती बाबु नौ वर्षका प्रशिद्ध कुँइकेल हुन् । थेरापिस्ट लामाकाअनुसार उनमा विषय बाहिरको कुरा गर्ने र एकोहोरो बोलिरहने समस्या रहेछ । विगत दुई महिनादेखि नियोमा आउन थालेका उनका ती बानीमा हिजोआज सुधार आइरहेको थेरापिस्ट लामाको भनाइ थियो ।

अटिजमको समस्या भएकाहरुको हेरचाहका लागि सन् २०२२ मा खुलेको सो केयर सेन्टरमा ८० जनाभन्दा बढी बालबालिका उपचारका साथै अध्ययन गरिरहेका छन् । नियोले हाल अटिजम, सेरिब्रल पाल्सी, डाउन सिन्ड्रोम, बहु अपाङ्गता र सामाजिकीकरणमा समस्या भएकाहरुकासाथै सको उपचार गराइरहेको छ । अटिजमको पूर्ण उपचार सम्भव नभएपनि सो समस्या भएका व्यक्तिहरुको दैनिकिलाई सहज बनाउन एउटा समय तालिकामा रहेर व्यावहारिक ज्ञानमा ढाल्दै लैजानुपर्ने बताउँछिन् नियोमा अध्यापन गराइरहेकी निर्जिता ढकाल ।

उनी भन्छिन्, 'अटिजम रोग त होइन, एउटा समस्या हो । यो समस्यालाई पूर्ण रुपमा निर्मूल पार्न पनि सकिन्न । तर एउटा तालिका बनाएर त्यस्ता व्यक्तिको माइन्ड सेट गराइदिने हो भने उनीहरुले आफै गर्ने प्रयास गर्छन् ।'

दैनिक रुपमा उनीहरुका लागि उठेदेखि नसुतेसम्म तालिका बनाइ त्यसैअनुसार उनीहरुलाई >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# हवाई भाडा चर्को बढेपछि विदेश जाने कामदार मारमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ साउन

अन्तर्राष्ट्रिय उडानको भाडा अस्वभाविकरुपमा बढेपछि वैदेशिक रोजगारीमा जाने कामदारमाथि चर्को आर्थिक भार थपिएको छ । पर्यटन सिजन बढ्दै जाँदा हवाई भाडा अस्वभाविकरुपम बढेपछि यूएई, कतार र साउदी अरबियालगायतका देशमा जाने नेपाली कामदार मारमा परेको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ ।

टिकटको मूल्य अस्वभाविकरुपमा बढेपछि व्यवसायीले कोरोना संक्रमणपछि वैदेशिक रोजगारमा नेपाली कामदार पठाउँदा लागेको खर्चको स्मरण गराएको टिप्पणी गरेका छन् । त्यतिबेला हवाई टिकट लिँदा क्वारन्टीनका लागि एक लाखभन्दा बढी र टिकटका लागि ७० हजार र समग्रमा एक लाख ९० हजारको हाराहारीमा टिकट खर्च आउने गरेको थियो । कुनै समय १७ देखि २२ हजार पर्ने यूएईको एकतर्फी टिकटका लागि हाल ५० हजार नाघेको व्यवसायीहरु बताउँछन् ।

हवाई टिकटको समस्याले कामदार जान नपाएको बारेमा व्यवसायीहरुले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीको ध्यानाकर्षण गराएका छन् । एजेन्सीको नाममा सिट बुक गरेर ब्लक गर्ने, होल्ड गर्ने गरिएका कारणले हवाई भाडा स्वत: महँगो भएको निष्कर्ष निकाल्दै सरकारले हस्तक्षेप गरेर सहज बनाउनुपर्ने व्यवसायीहरुको भनाइ छ ।

हवाई टिकट अनावश्यकरुपमा महँगो भएपछि शून्य लागतमा कामदार लैजाने रोजगारदाताहरु चिढिने, लागत बढी भए नेपाली कामदार लिने रोजगारदाता अन्यत्र डाइभर्ट हुने खतरा रहेको व्यवसायीहरुको भनाइ छ । भारतबाट यूएई जान १६ हजार भारतीय रुपैयाँ करिब २५ हजार रुपैयाँ लाग्ने र नेपालबाट उडान भर्दा सोही टिकटलाई ४७ हजार रुपैयाँसम्म परेको व्यवसायीहरुले बताएका छन् ।

यसअघि हवाई भाडा साविकको भन्दा अस्वभाविकरुपमा बढेको भन्दै नेपाल नागरिक उड्डयन प्राधिकरणले छानबिन गर्ने गरेको थियो तर यसपटक भाडा दुई गुणा बढी हुँदा पनि त्यसको सम्बोधनका लागि छानबिन अघि नबढाइएको वैदेशिक रोजगार व्यवसायीहरुको गुनासो छ ।

बिहीबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले अस्वभाविकरुपमा बढेको हवाई टिकटको बारेमा छानबिन गर्ने आश्वासन दिएका छन् । तर अन्तर्राष्ट्रिय उडानमा बजारको माग र आपूर्तिको अवस्थाले भाडदर निश्चित हुने नभएपनि जिएसए लिएकाहरुले एकतर्फीरुपमा भाडा बढाएको व्यवसायीहरुको निष्कर्ष छ ।

**मन्त्रीहरूलाई प्रधानमन्त्रीको तीनमहिने अल्टिमेटम**

# विकासको लहर ल्याउने चाहना

मन्त्रालयहरूको वार्षिक प्रगति समीक्षा, चालु आर्थिक वर्षको बजेट र कार्यक्रम कार्यान्वयन योजनाबारे ब्रिफिङ लिएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले विकासको लहर ल्याउने तथा नयाँ कीर्तिमान राख्ने गरी काम गर्न मन्त्रीहरूलाई तीन महिने अल्टिमेटम नै दिएका हुन् ।



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ३१ साउन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले विकासको लहर ल्याउने चाहना आफूमा रहेको बताएका छन् । यसअनुसार काम गर्न मन्त्री र सचिवहरूलाई उनको निर्देशन छ ।

बिहीबार मन्त्रालयहरूको वार्षिक प्रगति समीक्षा, चालु आर्थिक वर्षको बजेट र कार्यक्रम कार्यान्वयन योजनाबारे ब्रिफिङ लिएपछि प्रधानमन्त्री ओलीले विकासको लहर ल्याउने तथा नयाँ कीर्तिमान राख्ने गरी काम गर्न तीन महिने अल्टिमेटम नै दिएका छन् ।

देश र जनताका लागि गर्नुपर्ने र गर्न खोजिएका कामका सम्बन्धमा अझ व्यवस्थित तयारी गर्न मन्त्री र सचिवलाई प्रधानमन्त्रीको निर्देशन छ ।

बजेट कम भएको स्थितिमा सुशासन कायमसहित फटाफट काम गरेर शतप्रतिशत विकास खर्च गर्न सक्दा अर्थतन्त्र चलायमान हुने प्रधानमन्त्रीको विश्वास छ ।

उनले भनेका छन्, 'हामी जागिर खाइरहेका छैनौं । हामी देश र जनताको सेवा र विकासका लागि काम गरिरहेका छौं भावी सन्ततिका लागि काम गरिरहेका छौं । हाम्रो सेवा हाम्रो तलबसँग तुलना हुन सक्दैन ।'

> हामी जागिर खाइरहेका छैनौं । हामी देश र जनताको सेवा र विकासका लागि काम गरिरहेका छौं, भावी सन्ततिका लागि काम गरिरहेका छौं । हाम्रो सेवा हाम्रो तलबसँग तुलना हुन सक्दैन ।
>
> **केपी शर्मा ओली**
> प्रधानमन्त्री

सरकारको लक्ष्य निर्धारण काल्पनिक हुन नहुनेमा प्रधानमन्त्री ओलीको जोड रहेको छ । उनले लक्ष्य निर्धारण वस्तुगत हुनुपर्ने बताएका छन् । पूरा गर्न कठिन हुन्छ भनेर लक्ष्यहरू कमजोर राखिन नहुने उनले बताए । कठिन मेहनतका साथ काम गरेर हरेक कुरामा लक्ष्यमा पुग्नुको विकल्पन नरहेको उल्लेख गर्दै उनले अबका तीन महिनामा इतिहासका अरू कुनै तीन महिनाभन्दा बढी मेहनत गरेर काम गरियो भन्ने देखिनुपर्ने बताएका हुन् ।

डिजिटल नेपालको फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन, व्यावसायिक तालिम, विषादी र मिसावटरहित खाद्य पदार्थको आपूर्ति गराउन, उपकरण र स्रोत साधनको पूर्ण उपयोग गर्नमा प्रधानमन्त्री ओलीको ध्यान छ ।

एउटा मन्त्रालयबाट अर्को मन्त्रालयमा कामका लागि गएको फाइलमा बढीमा तीन दिनभित्र काम गर्न, सूचना र प्रविधिलाई प्राथमिकता दिन, श्रमिक निर्यातभन्दा पनि उद्यमशीलता र रोजगारी सृजनामा लाग्न प्रधानमन्त्रीको निर्देशन छ ।

रोजगार कार्यक्रमलाई जनता रोजगार कार्यक्रममा रूपान्तरण गर्न, >>> पृष्ठ २ मा

# विभत्स दुर्घटनाले गट्ठाघर तनावग्रस्त

**काठमाडौं/मस**-भक्तपुरको गट्ठाघरमा ना६ख २१७३ नम्बरको ट्रकले बा३९प ८९४४ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार एक जनाको घटनास्थलमै मृत्यु भएको छ।

प्रत्यक्षदर्शीका अनुसार कौशलटारबाट गट्ठाघरतर्फ गइरहेको ट्रकले ट्राफिक चेकिङ्गमा रोकिराखेको स्कुटरलाई ठक्क दिँदा स्कुटर चालकको घटनास्थलमै मृत्यु भएको हो।

तीव्र गतिको ट्रकले करिब एक सय परसम्म स्कुटरलाई घिसारेको प्रत्यक्षदर्शीले बताएका छन्। चालकको शरीर क्षतविक्षत भएको छ। घटनास्थलमा झोला र किताब-कापी भेटिएको थियो।

यस्तै प्रहरीले ट्रक चालकलाई



पक्राउ गरेको छ। पक्राउ पर्नेमा सर्लाही मलंगवा नगरपालिका २ घर भएका ३२ वर्षीय सतेन्द्र श्रेष्ठ रहेका छन्।

त्यस्तै, स्कुटी चालक अन्दाजी २०-२५ वर्षीय पुरुष भएको प्रहरीले बताएको छ। यसअघि महिला भनिएकोमा उक्त सनाखत गलत भएको थियो। प्रहरीले सीसीटीभी फुटेज हेर्दा पुरुषले बा. ४९ प ८९४४ नम्बरको स्कुटर चलाएको देखिएको छ। यसैको आधारमा मृतक पुरुष भएको प्रहरीले पुष्टि गरेको हो। मृतकको पहिचान भने खुलिनसकेको प्रहरीले जनाएको छ।

यस्तै दुर्घटनापछि आक्रोशित भीडले ट्रकमा तोडफोड गरेका छन्। स्थानीय आन्दोलित भएपछि भक्तपुर-कोटेश्वर सडकखण्ड र सानोठिमी-जडीबुटी-पेप्सीकोला सडकमा यातायात ठप्प भएको थियो।

स्थानीयको भीडलाई नियन्त्रणमा लिन २२ राउण्ड अश्रुग्यास पनि प्रहार गरेको थियो। शव पोस्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल राखिएको छ।

# 'सन्धिखर्क नगरपालिका पारदर्शितामा पहिलो हो'

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३१ साउन

सन्धिखर्क नगरपालिका अर्घाखाँचीको २०८०/०८१ मा भएका योजनाहरुको अन्तिम तेस्रो सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरस्थित विषयगत शाखाका प्रमुखहरु तथा १२ वटै वडा अध्यक्षहरुले वार्षिक रूपमा सञ्चालन भएका योजना आयोजना, कार्यक्रम तथा भौतिक र आर्थिक प्रगति प्रस्तुत गर्दै समग्र नगरपालिकाको विकासबारे वडा तहको संरचना बारे जानकारी गराएका थिए। नगरपालिकाको भौतिक प्रगति ९९.५ प्रतिशत र आर्थिक प्रगति ९४.५८ प्रतिशत भएको योजना शाखाका प्रमुख दिलिप केसीले जानकारी दिए भने नगरपालिकाभित्र ५३३ वटा योजना रहेकोमा ५३३ योजना सम्झौता भए अनुसार काम सम्पन्न भएका छन्।

१३ वटा योजना नगरपालिकाभित्र बहुवर्षीय रहेकोमा ४ वटा योजना गौरवका योजनाहरु



रहेकोमा यस वर्ष चिस्यान केन्द्र केही वडा कार्यालयहरुको काम सम्पन्न गर्ने योजना शाखा प्रमुख दिलिप केसीले बताए।

कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी र सबैले जनताले देख्ने गरी विकास निमाणका कामलाई अगाडि बढाउन सबैले सहयोग गर्नुपर्ने बताए। नगरको दिगो विकास र समृद्धिका लागि कृषि र पर्यटन शिक्षा स्वास्थ्यलाई केन्द्र भागमा राखेर काम गर्ने भन्दै प्रमुख श्रेष्ठले सबै सरोकारवाला पक्ष एक भएर लाग्नुपर्ने बताए।

नगरप्रमुख श्रेष्ठले जनताको माग र आवश्यकताको आधारमा विकास निर्माणको कामलाई अगाडि बढाउनुपर्ने भन्दै सबै पक्ष तथा जनताको सहभागिताबाटै सबै काम अगाडि बढाउने बताए।

सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिँदै प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले सबै सरोकारवालाहरूले सहयोग गरेमात्र नगरपालिकाले विकासलाई तिव्रता दिनसक्ने बताउँदै अहिले जनतामा काम गर्ने इच्छाशक्ति नै कम भएको आफुले महसुस गरेको बताए। सार्वजनिक सुनुवाइ कार्यक्रममा नेपाली कांग्रेस नगर सभापति बाबुराम भुसाल, नेकपा एमालेका नेता केवि भुसाल, नेकपा माओवादीका नगर अध्यक्ष कृष्णहरि भुसाल, राष्ट्रिय जनमोर्चाका नेता गोविन्द विसी लगायतका नेताहरुले नगरपालिकालाई राम्रो काम गर्न सुझाव दिएका थिए।

# 'भ्रष्टाचार मुद्दामा ५ वर्षे हदम्यादबारे संसदले नै निक्यौंल गर्नुपर्छ'

**काठमाडौं/मस**-अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचार गरेको अभियोगको मुद्दामा ५ वर्षे हदम्यादबारे संसदले नै निर्क्यौल गर्नुपर्ने सुझाव दिएका छन्।

बिहीबार प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा भ्रष्टाचार निवारण ऐन २०५९ को संशोधन बिधेयक माथिको छलफलमा अख्तियार प्रमुख राईले हदम्यादबारे निर्णय गर्ने अधिकार संसदलाई रहेको बताएका हुन्।



५ वर्षे हदम्यादको विषयमा समितिमा फरक-फरक धारना आइरहेका बेला उनले अध्ययन गरेर संसदले नै निर्क्यौल गर्नुपर्ने तर्क गरेका हुन्। उनले भने,'सरकारी सम्पत्ति हानी नोक्सानी हिनामिना भएको छ भने कहिल्यै हदम्याद हुँदैन नै। हानी नोक्सानी नहुने अवस्थाको छ र बिगो केही नभएको अवस्थामा हदम्याद ५ वर्ष राखिएको हो। यस विषयमा हाम्रो कुनै धारणा छैन। सम्मानित संसद र समितिले छलफल गरेर पर्नसक्ने असरलाई अध्ययन गरेर निर्क्यौल हुनुपर्छ भन्ने हाम्रो धारण हो।'

## प्रचण्डको...

एकीकृत समाजवादी सहितको समाजवादी मोर्चाको गतिविधि पनि भित्रि रुपमा चलिरहेको छ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड गत असार २८ गते सत्ताच्युत भएलगत्तै साउन १ गते मोर्चाको बैठक बसेको थियो।

साउन १ गते एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा बसेको समाजवादी मोर्चाको बैठकले पछिल्लो राजनीतिक घटनाक्रमको समीक्षा गरी आगामी योजना तयार गर्न कार्यदल नै बनाएको थियो। कार्यदललाई १५ दिनको समय दिइएको थियो।

नेताहरूका अनुसार प्रतिवेदन तयार पार्ने कार्य अगाडि बढेका छन। कांग्रेस-एमाले गठबन्धनले संविधान संशोधनसहितको सहमति गरेपछि झस्किएका समाजादी मोर्चामा आबद्ध दलहरूले सरकारविरुद्ध सदन र सडकबाट सशक्त प्रतिकार गर्ने गरी कार्यक्रम बनाउन लागेका छन्।

समाजवादी मोर्चामा उपेन्द्र नेतृत्वको जनता समाजवादी पार्टी नेपाल (जसपा)ले रहन विगतमा अरुची देखाएको थियो। तर, पछिल्लो समय उनी प्रचण्डसँग निरन्तर संवादमा रहेका छन्।

मोर्चामा महिन्द्र राय यदाव नेतृत्वको नेसपा समूह भित्रिएको छ। कार्यदलमा माओवादीबाट देव गुरुङ, एकीकृत समाजवादीबाट प्रमेश हमाल, नेकपाबाट खड्गबहादुर विश्वकर्मा र नेसपाबाट गंगानारायण श्रेष्ठ रहेका छन्।विगतमा मोर्चाले प्रदेशस्तरमा कार्यक्रम नै गरेको थियो। त्यही रुपमा माओवादीले कार्यक्रम गर्न लागेको छ। पार्टीको पदाधिकारी, स्थायी समितिको बैठक सकाएर माओवादी प्रदेश केन्द्रित कार्यक्रममा सरिक हुँदैछ।

पार्टीका सचिव दीनानाथ शर्माका अनुसार प्रत्येक प्रदेशस्तरमा अध्यक्ष, उपाध्यक्ष लगायत पदाधिकारी जानेछन्। उनीहरूको सल्लाह र सुझाव अनुसार केन्द्रीय समितिको पूर्ण बैठकमा छलफल हुनेछ।

बिहीबारको बैठकमा अध्यक्ष प्रचण्डले पार्टीभित्र देखिएको वैचारिक र राजनीतिक मतभेदलाई अन्त्य गरेर पार्टीलाई एकताबद्ध बनाएर लैजाने प्रतिबद्धता जनाएका थिए।

पार्टीको राजनीतिक मतभेदलाई अन्त्य गर्ने, सके पार्टी एकता नसके समाजवादी मोर्चालाई बलियो बनाउने नीति लिइएको माओवादी नेताहरू बताउँछन्।

## जहाँ छ...

अभ्यास गराइरहे समस्या न्यूनिकरण गर्ने सकिने उनको भनाइ छ। 'हामी १० बजेदेखि तीन बजेसम्म रहन्छौं बच्चाहरुसँग। यो समयमा सेड्युल अनुसार नै चलिन्छ। त्यसपछिका लागि पनि एउटा सेड्युल तयार पारेर अभिभावकहरुलाई दिन्छौं। उहाँहरुले त्यसैअनुसार बच्चालाई सानो सानो कुरा सिकाउँदै जानुहुन्छ', उनले भनिन्।

केयर सेन्टरमा गराइने चार/पाँच घण्टाको थेरापी र अभ्यासले मात्र समान्य न्यूनिकरण सन्भव नभएको बताउँदै उनले बच्चाहरुको मानसिक र शारिरीक गतिविधिमा परिवर्तन ल्याउन अभिभावक प्रमुख पात्र बन्ने उनको बुझाइ छ।

यसैगरी नियोका अध्यक्ष हरि कुँवरका अनुसार पनि अटिजमको समस्या समाधानमा अभिभावकको प्रमुख दायित्व हुने गर्दछ। साथै नेपाली समाजमा अटिजमलाई समस्याको रुपमा नहेरी ठूलै रोगको रुपमा हेरेर मूल्यांकन गर्ने र होच्याउन खोज्ने प्रवृति विद्यमान रहेको पनि उनी बताउँछन्। भन्छन्, 'अटिजम जस्तो समस्यालाई हाम्रो समाजले ठूलै रोग ठान्छ। कसैको घरमा त्यस्ता बालबच्चा छन् भने उनीहरुलाई अपाङ्ग भन्छन्। नभए मानसिक रोगी नै भनिदिने पनि गर्छन्। जसबाट त्यस्ता बालबच्चाको मात्र नभइ अभिभावकमा समेत डर पैदा हुन्छ।' आफ्ना नानीबाबुहरुमा अटिजमका लक्षण देखिँदा समयमै उपचार गर्न पनि उनको आग्रह छ। योसँगै अटिजमकै लागि भनेर औषधि पनि नबनेकाले त्यस्तो समस्या भएकाहरुसँग गरिने व्यवहार र उनीहरु वरपरको सरकारात्मक वातावरण नै उपचारको मुख्य स्रोत बन्न सक्ने अध्यक्ष कुँवरको भनाइ छ।

यस्तै, यस सेन्टरका कार्यकारी निर्देशक तथा बाल विशेषज्ञ फिजियोथेरापीष्ट समिद कतिला श्रेष्ठले विशेष सेवाको आवश्यकता भएका बालबालिकालाई एकै ठाउँमा शिक्षा र स्वास्थ्यको व्यवस्था गराउने सोचले यो केन्द्र स्थापना गरेको भएतापनि समावेशी शिक्षा प्रथमिकता भएको औंल्याए।

उनले भने, 'केही बालबालिकालाई समावेशी शिक्षामा राख्नु अघि केही समय थेरापी वा विशेष विद्यालय पठाउनुपर्ने पनि हुन्छ तर लामो दौरानमा सबै बालबालिकालाई आफ्नो उमेर साथीहरुसगै समावेश गराउने वातावरण बनाउनुपर्छ।'

## विकासको...

मातृशिशु स्वास्थ्यमा सुनौला हजार दिनको मान्यतालाई ध्यान दिन, समग्रमा मान्छेको आम्दानीको बाटो बढाउनुपर्नेमा ओलीको जोड छ।

प्रधानमन्त्रीका नाममा नभएर जनताका नाममा कार्यक्रम राखिनुपर्नेमा पनि उनको जोड रहेको छ।

उनले भनेका छन्, 'प्रधानमन्त्रीसँग रोजगार जस्ता कार्यक्रम ठूला पदका नामबाट राखियो। यही सिको गर्दै प्रदेशमा पनि मुख्यमन्त्रीसँग फलानो कार्यक्रम भनेर आएका छन्। यो परिपाटीलाई बदलेर जनतासँग रोजगारजस्ता कार्यक्रम राख्न निर्देशन दिन्छु। नयाँपन दिने गरी काम गर्नुहोस्।'

मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने, बजारमा स्वस्थ खाना उपलब्ध हुने वातावरण बनाउन र कृषि उपजको निर्यात हुने गरी आधार तय गर्न आवश्यक रहेको उनले निर्देश गरे। 'गरिबलाई कानुन देखाएर मात्रै हुँदैन, उनीहरुलाई केन्द्रमा राखेर विकासका कार्यक्रम तय गर्न सकियो भने मात्रै अर्थपूर्ण रहन्छ' प्रधानमन्त्री ओलीले भनेका छन्।


**सडक विभाग**
**सडक डिभिजन शिवपुर, कपिलवस्तु**
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
**प्रकाशित मिति : २०८१/०४/३२**

यस डिभिजनको मिति २०८१/०३/२४ आर्थिक पत्रिका दैनिकीमा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| S. N. | Contract No | Name of Successful Bidder | Bid Amount. NRS (Excluding PS & VAT) |
|---|---|---|---|
| 1 | RDSPR/3373101134 /081/82/01 | M/S Kalika Nirman Company, Tillottama 04 Rupandehi | 53,81,527.40 |
| 2 | RDSPR/3373101134 /081/82/02 | M/S Sujal Construction, Kapilavastu Municipality -04, Taulihawa | 32,14,022.10 |

**डिभिजन प्रमुख**

**सुदुरपश्चिम प्रदेश सरकार**
**सामाजिक बिकास मन्त्रालय**
**सेती प्रादेशिक अस्पताल**
**धनगढी, कैलाली**
**बोलपत्र आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित मितिः- २०८१/०४/३२**

यस कार्यालयको लागि आवश्यक कार्यालय सामान, सरसफाई सामान र आवश्यक फारम छपाईको लागि ३० दिने बोलपत्र आह्वान गरिएको छ। बिस्तृत जानकारीका यस सेती प्रादेशिक अस्पताल बाट बोलपत्र कागजात खरिद गरि सोही अनुसार गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। धरौटी वापत सूचनामा उल्लिखित रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, कैलालीको रा.बा. बैंक धनगढीमा रहेको धरौटी खाता नम्बर ४१७०१००२०२०३०००० कार्यालय कोड नं. ३५००२७७०३७ से.प्रा. अस्पताल) मा रकम जम्मा गरेको बैंक भौचर वा कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नामामा जारी भएको मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकको बिडवण्ड समेतका आवश्यक कागजपत्रहरुको प्रतिलिपि सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ। बोलपत्र दस्तुर वापतको रकम कार्यालय कोड ३५००२७७०३७ रा.बा. बैकको हि.न. १०००१००२०००१०००० राजश्व शिर्षक नं १४२२९ मा जम्मा गर्न पर्नेछ।

| ठेक्का नं. | संक्षिप्त विवरण | बोलपत्र दस्तुर | धरौटी |
|---|---|---|---|
| SPH/NCB/Goods/02/2081/082 | कार्यालय सामान खरिद | ३,००० | १,१९,५००। |
| SHP/NCB/Goods/03/2081/082 | सरसफाइ सामान खरिद | ३,००० | ९१,५००। |
| SPH/NCB/Goods/04/2081/082 | आवश्यक फारम छपाइ | ३,००० | १,०४,०००। |

**साइप्रसमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **ANDRIA KYRIAKOU PRIVATE EMPLOYMENT** शहर : **Cyprus**
पूर्व स्वीकृत मितिः २०८०/१०/२८ चलानी नं.: ६०२१४७६६ LT. No.: 299315 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers | 0 | 4 | स. काममा दक्ष | 400 | ५९,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **CLAIRE MARINA 2010 EMPLOYMENT AGENCY** शहर : **Cyprus**
पूर्व स्वीकृत मितिः २०८०/१०/२८ चलानी नं.: ६०२१४७६२ LT. No.: 299313 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers | 0 | 20 | स. काममा दक्ष | 400 | ५९,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ७ गते (23 August 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AGNI overseas
**अग्नि ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी-२६, टाउन प्लानिङ्ग, काठमाडौं, फोन नं. ०१-४९५०३८९, मो.: ९८४०४११७८५

**Chhathar Jorpati Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jorpati, Dhankuta**
**Koshi Province**

**Invitation for Online Bids**

**Date of publication: 2081/04/32(8/16/2024)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Bids from eligible bidders for the procurement of the following works.

| Contract ID | Description | Estimated Amount (with Vat &PS) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 01/CJRMUN/ NCB/081/82 | Dhoje Danda Bahusanskritik Park Nirman | 29,47,591.17 | 3,000 | 80,000 /- | 120 Days | NCB | 2081/05/30 (2024/Sep/15) At 13:00 |

2. Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.
   Name of the Bank : Nabil Bank Ltd. Sindhuwa, Dhankuta.
   Office Account Name and No. : Antarik Rajaswa Khata 20901017500044 Rajaswa (revenue) Shirshak No :14249-अन्य दस्तुर
3. Bid security amount deposited at Name and A/C No. Dharauti Khata 20901017500025 on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Ltd.Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
4. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp.

# 'कुपोषण अन्त्यमा सरकारको ध्यान गएको छ'

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३१ साउन



कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले कुपोषण अन्त्यमा सरकारको ध्यान गएको बताएका छन् । कुपोषण मुक्त कर्णाली प्रदेशका लागि इनफ अभियानको प्रदेशस्तरीय शुभारम्भ कार्यक्रममा बोल्दै मन्त्री शाहले यस्तो बताएका हुन् ।

'बाल कुपोषण र भोकमरीको अन्त्य गरौं' भन्ने नाराका साथ वर्ल्ड भिजन इन्टरनेशनलले आयोजना गरेको कार्यक्रममा मन्त्री शाहले कर्णाली प्रदेशमा पनि कुपोषणको समस्या रहेको बताए । मन्त्री शाहले कर्णाली प्रदेशमा कुपोषण अन्त्यका लागि आवश्यक बजेट मन्त्रालयबाट प्रत्येक वर्ष विनियोजन भइरहेको बताए ।

उनले भने, 'कृषि क्षेत्रको विकास अति आवश्यक छ । कृषिबाट उत्पादित अर्गानिक र गुाणस्तरीय बस्तुहरु नै कुपोषण न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्दछ । हामीसँग भुगोल, स्रोत साधान भए पनि हाम्रो माइन्ट मेकअप कृषितर्फ गएको छैन । त्यसैले कर्णालीमा कुपोषणको अन्त्य गर्नका लागि कृषि क्षेत्रका विज्ञहरुले त्यता तिर ध्यान दिनुपर्छ ।'

साथै मन्त्री शाहले कर्णालीमा ३६ प्रतिशत पुड्कोपन रहेको र त्यसको न्यूनीकरणमा सरकार लागिरहेको बताए । कुपोषण अन्त्यका लागि सबै विकास साझेदारहरुले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने उनको भनाइ थियो । यस्तै मन्त्री शाहले थालेका कामहरु इमान्दारिताका साथ हरेक पक्षबाट नतिजा आउने गरी गर्न जरुरी रहेको बताए ।

यस्तै कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले खाद्य तथा पोषण सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालनका लागि आर्थिक वर्ष २०७९/०८० मा २३ करोड ३० लाख २० हजार, अब २०८०/०८१ म २० करोड ४८ लाख ९० हजार र चालु आर्थिक वर्षमा १४ करोड ३३ लाख ६८ हजार विनियोजन गरेको छ ।

# एसियाकै ठूलो मूर्ति र पुनःनिर्माण भएको अर्घा दरबारमा धार्मिक पर्यटकको भिड

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३१ साउन



अर्घाखाँचीको ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थल अर्घा दरबार अर्थात् अर्घा भगवती मन्दिर धार्मिक पर्यटकीय स्थलको रूपमा विकास हुन थालेपछि धार्मिक पर्यटकहरुको उल्लेखनीय वृद्धि भएको छ ।

एसियाकै सबैभन्दा ठूलो भगवती देवीको मूर्ति प्रतिस्थापन तथा अर्घा दरबार पुनःनिर्माण गरेपछि धार्मिक तथा अन्य पर्यटकहरुको निकै महत्वपूर्ण गन्तव्यको रूपमा विकास हुन थालेपछि अर्घा बासिहरु हर्सित हुन थालेका छन् ।

सन्धिखर्क नगरपालिकाले बाइसे, चौबिसे राज्यअन्तर्गत पर्ने सन्धिखर्क नगरपालिका वडा नं. ९ मा अवस्थित अर्घा भगवती मन्दिरमा १० फिटको बेसमा, २१ फिटको एसियाकै ठूलो भगवती मूर्ति निर्माणसँगै जीर्ण अर्घा दरबारको पुनःनिर्माण गरेपछि अहिले पर्यटकहरुको आगमन उल्लेखनीय रहेको सन्धिखर्क नगरपालिकाका अर्घाखाँचीका प्रमुख प्रशासकीय अधिकृत खुम लाल भुसालले बताए ।

लुम्बिनीमा आएका पर्यटकहरू तथा अर्घाखाँचीकै धार्मिक पर्यटकीयस्थल सुपा देउरालीमा आएका धार्मिक पर्यटकलाई सदरमुकाम सन्धिखर्कमा रहेको सिद्धेश्वर शिवालय मन्दिर हुँदै अर्घा भगवती मन्दिर र अर्घा दरबार लैजानका लागि एसियाकै सबैभन्दा ठूलो मूर्ति स्थापना र अर्घा दरवारको पुनःनिर्माण गरिएको सन्धिखर्क नगर पालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

सन्धिखर्क नगरपालिकाका पूर्वनगरप्रमुख कांग्रेस नेता कमलप्रसाद भुसाल, नगरप्रमुख ठाकुर कुमार वि.क, नगर उपप्रमुख बनेका बेला उक्त मूर्ति स्थापना गर्नका लागि प्रक्रिया अगाडि बढाइएका थियो ।

जिल्ला सदरमुकाम रहेको सन्धिखर्क नगरपालिकामा आर्थिक कारोबार तथा व्यावसायिक कारोबारमा मन्दी आउन थालेपछि नगरपालिकाले धार्मिक पर्यटकलाई भित्र्याउनका लागि मूर्ति स्थापना गरेपछि केही आशा पलाएको र अहिले चहलपहल बढेको नेपाली कांग्रेस सन्धिखर्क नगरसभापति कांग्रेस नेता बाबुराम भुसालले बताए ।

सन्धिखर्क नगरपालिकाको झण्डै दुई करोड रुपैयाँको लागतमा मूर्ति राख्ने काम सम्पन्न भएको र अहिले वरिपरि सबैतिर मन्दिर तथा दरबारलाई सिँगार्ने काम सम्पन्न भएको निर्माण ब्यबसायि कृष्णप्रसाद बस्यालले बताए । ललितपुरका दक्ष मूर्तिकारले एसियाको ठूलो भगवती मूर्ति निर्माण गरेकोले अहिले पर्यटकको रोजाइँ बनेको आफुले अनुभूति गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए ।

# नेपाल इन्जिनियरिङ कलेजले छात्रवृत्तिका लागि छुट्यायो १५ करोड




**काठमाडौं/मस**-कक्षा १२ पास गरेलगत्तै विद्यार्थीहरू विदेशीनु चिन्ताको विषय भएको सरोकारवालाहरुले बताएका छन् ।

नेपालमै प्राविधिक शिक्षा अन्तरराष्ट्रियस्तरको भइरहेका बेला पनि विद्यार्थीहरू उच्च शिक्षाका नाममा विदेशीनु सुखद् कुरा नभएको सरोकारवालाहरुको भनाइ छ ।

नयाँ शैक्षिक सत्रको भर्ना खुलाउँदै गरेको उक्त कलेजले बिहिवार काठमाडौंमा पत्रकार सम्मेलन गरेर जेहन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने कार्यक्रम सार्वजनिक गर्नेक्रममा सरोकारवालाहरुले यस्तो गुनासो व्यक्त गरेका हुन् ।

इन्जियरिङ अध्ययन गर्ने विद्यार्थीलाई १५ देखि १८ करोड रूपैयाँसम्म छात्रवृत्ति दिने गरेको चागुँनारायण नगरपालिकाकाका नगरप्रमुख जीवन खत्रीले जानकारी दिए ।

उनले विश्वविद्यालयको १० प्रतिशत छात्रवृत्तिसँगै स्थानीय तह (वडा, नगरपालिका छात्रवृत्ति, प्रादेशिक छात्रवृत्ति, कलेज टपर छात्रवृत्ति, सेमेस्टर टपर छात्रवृत्ति समेत कलेजले दिने गरेको बताए । पैसाका कारण इन्जिनियर पढ्ने अवसरबाट बञ्चित नगर्नका लागि नगरपालिकाकाले समेत बजेट व्यवस्थापन गर्ने गरेको कलेजका अध्यक्षसमेत रहेका खत्रीले जानकारी दिए ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा गठित सञ्चालक समितिमार्फत सञ्चालनमा रहेको उक्त कलेजले छात्रवृत्तिका लागि उक्त रकम छुट्याएको नेपाल इन्जिनियरिङ कलेज भक्तपुरका प्राचार्य दुर्गाप्रसाद भण्डारीले जानकारी दिए ।

'विदेश पढ्न जानु गलत हैन । तर, अभिभावकको रेखदेख र संरक्षणमा हुर्किएको, हातमा कुनै सीप नभएको र आफ्नो भविष्यबारे ठीक ढंगले सोच्न सक्ने क्षमताको विकास भइसकेको हुँदैन,' उनले भने, 'त्यसमाथि नेपालीको आर्थिक अवस्थाका कारण सबै विदेश जाने विद्यार्थीहरु अभिभावककै खर्चमा पढ्न सक्दैनन् ।'

नेपालको शिक्षा अन्तर्राष्ट्रियस्तरको रहेको दाबी गरिएको छ । कलेजका सहायक प्राध्यापक यमकृष्ण पौडेलले पोखरा विश्वविद्यालयले केही समय अगाडि मात्रै पाठ्यक्रमहरु समय सापेक्ष संसोधन गरिसकेको बताए । उक्त कलेज पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेज पनि हो । 'इन्जिनियरिङ विधाका सबै पाठ्यक्रमहरु विश्वव्यापी एकरुपता हुन्छ,' उनले भने, 'नेपालमै इन्जिनियरिङ गरेका विद्यार्थीहरु विश्वका धेरै देशहरुमा प्रतिष्ठित कम्पनी र क्षेत्रमा सफलतापूर्वक अगाडी बढिरहेको प्रशस्त उदाहरण छन् ।'

उनका अनुसार इन्जिनियरिङ विधाका विभिन्न विषयमा सयौं दक्ष जनशक्ति उत्पादन गरिसकेको छ । चाँगुनारायण नगरपालिका, भक्तपुरमा रहेको उक्त इन्जिनियरिङ कलेजमा हाल स्नातक तथा स्नातकोत्तर तहका विषयहरुमा अध्ययन/अध्यापन हुँदै आएको छ ।

कलेजले स्नातक तहतर्फ ६ वटा विषय र स्नातकोत्तर तहतर्फ ४ वटा विषय अध्ययन अध्यापन गराउँदै आएको छ । स्नातक तहमा विइ सिभिल इन्जिनियरिङ (१४४ सिट), वि आर्किटेक्ट (४८ सिट), विइ सिभिल एण्ड रुलर इन्जिनियरिङ (४८ सिट), विई कम्प्युटर इन्जिनियरिङ (९६ सिट), इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ (४८सिट), इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशनमा (४८ सिट), विइ सिभिल फर डिप्लोमा होल्डर्स (४८ सिट)सम्बन्धी अध्ययन अध्यापन हुँदै आएको छ ।

स्नातकोत्तर तहतर्फ भने कन्ट्रक्सन म्यानेजमेन्ट, इन्टरडिस्प्लीनरी वाटर रिसोर्स म्यानेजमेन्ट, नेचुरल रिसोर्स म्यानेजमेन्ट र ट्रान्सपोर्टेशन इन्जिनियरिङ म्यानेजमेन्ट सम्बन्धी अध्यापन हुँदै आएको छ ।

सो इन्जिनियरिङ कलेजमा हरेक वर्ष स्नातक तहमा ४८० जना विद्यार्थी र स्नातकोत्तर तहमा १५० विद्यार्थीहरू भर्ना हुने गर्छन् । मुनाफारहित सामाजिक शैक्षिक संस्थासमेत रहेको उक्त कलेजले आफ्नै करिब २०० रोपनी जग्गामा पूर्वाधार बनाएको छ । १२३ जना पूर्णकालिन शिक्षक/कर्मचारी रहेको उक्त कलेजमा इन्जिनियरिङ विधाका सबै पाठ्यक्रम र रिसोर्सयुक्त आधुनिक पुस्तकालयसमेत रहेका छन् ।

अत्याधुनिक ल्याब, आइटी सेन्टरको व्यवस्था, शहरी कोलाहलदेखि मुक्त शान्त तथा हरियाली वातावरण अत्याधुनिक प्रविधि, प्रयोगात्मक शिक्षण विधि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिसर्चका लागि पहुँचसमेत रहेको कलेजले जानकारी दिएको छ । कलेजले युरोप, जापान, भारत लगायत देशका विभिन्न कलेज र विश्वविद्यालयहरुसँग शिक्षक विद्यार्थी एक्सचेञ्जको अवसर दिने बताएको छ ।


## UAE र QATAR मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FREESIA ELECTROMECHANICAL WORKS CONTRACTING LLC** — शहर : **DUBAI**
पूर्व स्वीकृत मिति: २०८०/०७/१५ — चलानी नं.: ६०१७७०६५ — LT. No.: 294524 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician Assistant | 25 | 0 | | 1100 | ४०,१३९ | | | | | | | |
| 3. | Plumber | 32 | 0 | | 1100 | ४०,१३९ | | | | | | | |
| 4. | Plumber Assistant | 49 | 0 | | 1100 | ४०,१३९ | | | | | | | |
| 5. | Steel Fixer | 10 | 0 | | 1100 | ४०,१३९ | | | | | | | |

अन्तर्वार्ता पिआइटी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ भदौ ९ र १० गते (25 & 26 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता झापा प्राविधिक शिक्षालय, विर्तामोड, झापामा २०८१ भदौ १२ गते (28 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता तिलोत्तमा इन्स्टिच्युट अफ ट्रेड एण्ड टेस्ट सेन्टर, रुपन्देहिमा २०८१ भदौ १३ गते (29 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता पिस ट्रेनिङ सेन्टर, ग्वार्को, ललितपुरमा २०८१ भदौ १४ गते (30 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ १५ गते (31 August 2024) मा हुनेछ ।

कम्पनी : **ALMUFTAH TRADING & CONTRACTING CO WLL** — शहर: **DOHA**
पूर्व स्वीकृत मिति : २०८१/०१/२१ — चलानी नं.: ६०२१८९३३ — LT. No.: 304112 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 45 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 45 | 0 | | 1100 | ४०,४२५ | | | | | | | |
| 3. | Painter | 25 | 0 | | 1100 | ४०,४२५ | | | | | | | |
| 4. | Plumber | 18 | 0 | | 1100 | ४०,४२५ | | | | | | | |

अन्तर्वार्ता पिआइटी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ भदौ ७ र ८ गते (23 & 24 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ ९ गते (25 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
प्र.इजाजत पत्र नं. ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताप्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैक पछाडी), ललितपुर
शाखा कार्यालय:- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029

## साउदीमा रोजगार |

कम्पनी : **QIDDIYA FOR MANUFACTURING COMPANY** — शहर: **RIYADH**
पुर्व स्वीकृत मिति: २०८१/०४/३० — चलानी नं.: ६०२२३५९२ — LT. No.:308953

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ७ गते ( 23 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

## बहराइनमा रोजगारको अवसर |

कम्पनी : **ALMOAYYED CONTRACTING GROUP** — शहर : **MANAMA**
पूर्व स्वीकृत मिति: २०८०/०६/२१ — चलानी नं.: ६०१५८४२८ — LT. No.: 293665 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 6 | 19 | सम्बन्धित काममा दक्ष | 100 | ३५,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 50 | 0 | | 120 | ४२,६६७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ७ गते (23 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158


## Government of Nepal (GoN)
## Likhu Tamakoshi Rural Municipality
**Dhobi Bazar, Ramechhap**

## Invitation for Bids

**Date of publication: 15-08-2024 16:00 P.M.**

1. Likhu Tamakoshi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of the projects mentioned below under NCB Bidding Procedures. All other information and Bid Documents can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All the eligible bidder are requested to submit E-bid only as per Instruction with in mentioned period.

| S. N. | Contract Identification No | Name of Project | Estimated Amount, With PS NRs (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Rs.) | Bid Document Fee | Pre-bid meeting Date | Deadline for bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LTRM/NCB /WORKS/ 01/2081/82 | Saipu ward karyalay Bhawan Nirman, ward No.-2 | 17,97,815.52 | 52,500.00 | 3,000.00 | 04-09-2024 13:00 | 15-09-2024 12:00 | 15-09-2024 13:00 |

2. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank** : **Nepal Investment Bank Ltd.**
**Name of Office** : **Likhu Tamakoshi Rural Municipality**
**Office Account no** : **07001400250016**
**Rajaswa (revenue) Accont Name** : **Ga 1 1 Aantarik Rajaswa Khata**

3. For Evaluation Criteria, please refer the respective Bid Document in PPMO website www.bolpatra.gov.np/egp
4. Likhu Tamakoshi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**
**Likhu Tamakoshi Rural Municipality**


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonsmos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
३२ साउन २०८१, शुक्रबार
16 August 2024, Friday

## सम्पादकीय

# कीर्तिमानी सपना

प्रधानमन्त्री केपी शर्मा ओलीले दोस्रोपटक मन्त्री र सचिवहरूलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री नियुक्त भएको एक महिनाभित्रै दोस्रोपटक निर्देशन दिदै ओलीले मन्त्री र सचिवहरूलाई कीर्तिमानी काम गर्न भनेका छन् । प्रधानमन्त्री ओलीले सय दिनभित्र नयाँ कीर्तिमान राख्नेगरी योजना ल्याउन पनि निर्देशन दिएका छन् । यसअघि प्रधानमन्त्री ओलीले मन्त्री र सचिवहरूलाई ठोस् परिवर्तनको प्रस्ताव ल्याउन निर्देशन दिएका थिए । तर मन्त्री र सचिवहरूको कुरा ओलीले सुनेका थिएनन् । सचिवहरूको ब्यापक हेरफेर गरी निर्देशन दिन बसेका प्रधानमन्त्रीलाई जवाफ कसैले फर्काउने कुरा समेत थिएन । संभवतः यही तथ्य बुझेर प्रधानमन्त्रीले दोस्रो निर्देशनमा सय दिने कार्यसूची मागेका छन् ।

प्रधानमन्त्री ओलीले कीर्तिमानी कामको निर्देशन दिनु अस्वभाविक होइन । किनकि यसअघि प्रधानमन्त्री हुँदा पनि ओलीले कीर्तिमानी कुराकै कारण चर्को आलोचना खेप्नु परेको थियो । २०७४ सालको चुनावपछि झण्डै दुई तिहाइ संसदीय बहुमतबाट प्रधानमन्त्री बनेका ओलीले अघिल्लो कार्यकालमा रेल, पानी जहाज, धरहरा जस्ता परियोजनालाई 'ड्रिम प्रोजेक्ट'का रूपमा अगाडि सारेका थिए । जबकी त्यसबेला नेपाली नागरिक भने कोरोना महामारीको संकटमा थिए । तर ओलीले कोरोनालाई रूघाखोकीसँग तुलना गरेका थिए । नागरिकलाई सर्तक बन्ने, दुरी कायम राख्न, खोप ल्याउने पहल गर्न जस्तो काम नगरेर सस्तो भाषण गरेको भनेर ओलीको चर्को आलोचना भएको थियो । विशेषगरी जेल, पानी जहाज, धरहरा, अयोध्या जस्ता कुरालाई ओलीले कीर्तिमानी कामकै रूपमा अगाडि बढाउन चाहेका थिए । तर ओलीको त्यो यात्रा बीचैमा दुर्घटनामा परेको थियो ।

यसपटक प्रधानमन्त्री बन्दा भने कोर्स करेक्सनको संकेत गरेका थिए । प्रधानमन्त्री पदमा विश्वासको मत मागिरहँदा प्रधानमन्त्री ओलीले २० प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि रहेका नागरिकको चिन्ता गरेका थिए । गरीब बालबालिका, बृद्धबृद्धाहरूको पीर गरेका थिए । समृद्ध र कीर्तिमानको ठूलो कुरा गरेर भोकै रहेका नागरिकलाई बिर्सने काम नहुने बताएका थिए । स्वास्थ्य उपचार नपाएका नागरिकहरूलाई हेर्ने प्रतिबद्धता गरेका थिए । सडक बालबालिकालाई भविष्यसँग जोडेर लामै व्याख्या गरेका थिए । निष्कर्षमा प्रधानमन्त्री ओलीले भौतिक संरचनाको कीर्तिमान नभएर नागरिकको खुशीलाई जोड दिने बताएका थिए । तर एक महिना नबित्दै प्रधानमन्त्री ओलीले फेरि कीर्तिमानी कुरा गरेर नागरिक अल्मल्याउने, बहस अर्कैतिर मोड्ने काम गरेका छन् । यसतर्फ प्रधानमन्त्रीले ध्यान दिनुपर्नेछ । कीर्तिमान ढुंगामा होइन, नागरिकको हृदयमा हुन्छ भन्ने बिर्सन हुन्न ।

# युवा शक्ति र राष्ट्र निर्माणको सवाल

*कुनै पनि युवा रहरले पलायन भएको होइन, नाना र छानाकै लागि पलायन भएको हो । तर युवाको यस्तो बाध्यतालाई कसले बुझ्ने ?*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

यहाँ रोजगारी पाए कोही पनि विदेश जाँदैन । सरकारले गत आर्थिक वर्षमा बेरोजगार भन्दै युवाहरूलाई विगतझैँ सूचीकृत गऱ्यो, संख्या रह्यो आठ लाख ५८ हजार १५४, तर ६० हजार ५७१ जनाले वर्षभरिमा ८० दिनको न्यूनतम ज्याला मात्र पाएको विवरण देखायो । गएको असार ८ सम्मको तथ्याङ्क त योभन्दा थोरै थियो, प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत देशैभरि करिब ४८ हजार युवाले मात्रै ७९ दिनको ज्याला पाएको भनेर । बेरोजगारमा महिला नै पाँच लाख ३५५ जना र पुरुष तीन लाख ८५ हजार बढी छन्, सूचीकृत मात्रै, अन्य छरिएका कति छन् कति । ७२७ स्थानीय पालिकाहरूमा यस्तो सूचीकृत गर्ने कार्यक्रम रहे पनि अरूले अहिलेसम्म सूचीकृत पनि गर्न सकेका छैनन् । गएको असार १३ को एसइई परीक्षाको परिणाम आउँदा ४७.८६ प्रतिशत उत्तीर्ण बाँकी अनुत्तीर्ण देखिए र यस पटक सबैलाई पुनः परीक्षा दिन पाउने सुविधा भन्दै पङ्क्ति तयार गरिरहँदा सबै अनुत्तीर्णहरू पुनः परीक्षा दिँदै छन् ।

प्रकृति दोहनमा संसार रमेको छ अहिले । गत वर्षको अन्तर्राष्ट्रिय नारा रह्यो 'दिगो विकासको लक्ष्य प्राप्तिमा युवाको साथ, हरित विश्व निर्माणमा हरित सिप विकास' । यहाँ सिपको पनि चर्चा भएको छ तर, हाम्रा युवाहरूले आफ्नो अध्ययनपश्चात् न रोजगारी पाउँछन्, न उनीहरूसँग सीप नै छ । बेरोजगार भएर बस्नुभन्दा विदेशको उच्च तापक्रममा भेडा चराउने बा भाँडा माझ्नु उत्तम भन्दै परदेशिएका छन् र उनीहरूको नारा नै छ 'प्लस टूपछि खाडीमा भेटुँला' भन्ने छ । भर्खरै बिदा भएको आर्थिक वर्षमा पनि होनहार साढे सात लाख युवाले देश छोडेका छन् । अमेरिकामा शिक्षा अनिवार्य र निःशुल्क छ, कक्षा १२ सम्म र त्यहाँ पढेकाहरू विषय विज्ञ पनि हुन्छन्, हाम्रो शिक्षाले ढुङ्गा हान्न सिकाएको छ । जुन देशका भिसी, रजिस्ट्रार र सबैजसो प्राज्ञहरूलाई दलको कोटाबाट नियुक्ति दिइन्छ, त्यस देशमा विद्यार्थीहरू सीपयुक्त उत्पादन होलान्, कल्पना गर्न सकिन्न । यत्रा वर्षसम्म सरकारले शिक्षा विधेयक वा निजामती सेवा विधेयक ल्याएको छैन, देश सधैँ काम चलाउमा चलेको छ । कोटा प्रणालीलाई लिएर बङ्गलादेशमा के भयो सबै जानकार छन्, त्यहाँको हावाहुन्डरी अन्यत्र पनि सर्न सक्छ । यस्तै बिजोक श्रीलंकामा भएको हो, अति पछि खती हुन्छ, आफू र आफ्नालाई मात्र भरण पोषण लोकतन्त्रमा सुहाउँदैन । जनता बाठा भइसकेका छन्, अब यहाँ श्री ३ को हुकुमी शासन चल्दैन । यही देश हो भिसी वर्षमा एक महिना लगातार आफ्नो कार्यालय जान सक्दैनन्, संरक्षित छन् तीलगायत अरू पनि कि त टारहरूबाट कि कोटहरूबाट । श्रीहरूको संरक्षणमा युवाहरूलाई देश निर्माताहरूको सालिक तोड्न लगाइयो, तर ती पनि लखेटिए विदेश । तिनले पठाएको रकममा डकार्दै छौ हामी लाजै छैन । नेतृत्वमा युवा गएको पाच्य हुन्न, धरानका हर्क कोठामा ताला बन्दी हुन्छ, काठमाडौँका बालेन निसासिन पुग्छन्, धनगढीका हमाललाई पनि चैन छैन । नयाँ अरू युवाहरूलाई मुद्दा खेप्दै छन्, राजनीतिमा मात्रै होइन कतै पुस्तान्तरण भएन ।

साँच्चै परिवर्तनमा युवाले साथ दिए तर, ती प्रायः निराश छन् अहिले । हाम्रो लोकतन्त्र सधैँ भोको छ र उसले आफ्नो आहाराका लागि ट्राफिक जरिबानाबाट मात्रै एक अर्ब ७५ करोड ८१ लाख ८६ हजार कमाएको छ । हालैको आर्थिक वर्षमा, हाम्रा बाटोघाटा कस्ता छन् भन्नु परेन । देशले बनाएको संविधानलाई भ्रष्टाचारको पुलिन्दा भनेका छन् विश्लेषकहरूले । संविधानले नचिन्ने आइडी बनिरहँदा वृद्धहरूको आँसुका धारा रोकिएको छैन अहिले भत्ता र पेन्सनलाई समेत अनिवार्य गरिदिँदा, संविधान विज्ञहरूले त यो कार्यलाई राष्ट्र विप्लवको संज्ञा दिएका छन् सार्वजनिक रूपमै ।

हामीकहाँ वृद्ध भत्ता खाएर देवघाट बस्न सुहाउनेहरूले सत्ताको साँचो लिइरहेका छन् । हामीले गोडा ढोगेका कतारी राजा थानीको उमेर ४३ छ, भुटानी राजा नाम्ग्यालको उमेर पनि ४३ नै छ, उत्तर कोरिया मि जोँगको ४० छ, एण्डोराका प्रधानमन्त्री जेभियरको ४४ छ, आयरल्याण्डको प्रम बडारकरको पनि ४४ छ, फ्रान्सका प्रधानमन्त्री ग्याब्रिएल एटाको ३४ वर्षको छ । संसारकै भनाइमा पनि वृद्ध भएपछि स्मरण शक्ति कम हुने र जोखिम मोल्न नसक्ने अवस्था हुन्छ । हाम्रा राज्य सञ्चालकहरू धेरै रोगी पनि छन्, राज्य कोषबाट तिनले लिएका सुविधाले पनि सोको पुष्टि हुन्छ । ठाँटसँग साइकल चढेर कार्यालय जाऊ आऊ गर्ने प्रधानमन्त्री बोकेको देश डेनमार्कले सुशासनको उपदेश दिइरहेको छ र ट्रान्सपरेन्सी इन्टरनेसनलले पनि यस्ता देशहरूलाई सुशासनको अग्रपंक्तिमा नै राखेको छ ।




> *युवामैत्री लगानीको कुरा, नवप्रवर्द्धन र उद्यमशीलतालाई प्राथमिकता रहने पनि भनियो, तर विदेश पलायनबाट रोक्ने ठोस नीति तय भएन । देश नै आत्मनिर्भर नभएको अवस्थामा युवा मात्रैको प्रश्न छैन यहाँ, तमाम विषयहरू ओझेल परेका छन्, समयमा काम सम्पन्न हुने भनेको यहाँ केवल निर्वाचन मात्रै हो, तलदेखि माथिसम्म राजनैतिक रोजगारी दिइने मात्रै हो, बाँकी काम सबै स्थिर रहने हाम्रो नियति छ ।*

युवा लक्षित भन्दै देशले प्रधानमन्त्री रोजगार कार्यक्रम दियो, प्रम कृषि आधुनिकीकरण भन्यो, राष्ट्रिय युवा जागरण पनि भन्यो, कृषि उत्पादनमा युवा, सुशासनमा युवा, विज्ञान र प्रविधिमा युवा, वातावरण संरक्षण र दिगो विकासमा युवा, पर्यटन प्रवर्द्धनमा युवा, छुवाछूत विरुद्धमा युवा, स्वयंसेवी भूमिकामा युवा, लैङ्गिक हाँसाविरुद्धको अभियानमा युवा, विपत् व्यवस्थापनमा युवा, भएभरका सबैमा युवा भनियो, सरकारी बजेट पनि धेरै हालियो तर, जसरी देशमा कृषि, स्वास्थ्य, शिक्षामा हालेको लगानी बालुवाको पानी भएको छ त्यस्तै युवाहरूमा पनि भएको छ । भोटको भकारी भरिने र युवाको खडेरी पर्ने हाम्रो नियति नै भएको छ र त हरेक वर्षको अन्तर्राष्ट्रिय युवा दिवस मनाउँदा पनि अन्तर्राष्ट्रिय विमानस्थलमा युवाहरूको भीड देखिने गरेको छ । जो यहाँ रमाउन पाएका छन् ती राजनीतितिर मात्रै छन् । विमानस्थलमा हस्याङफस्याङमा सबै, अभिभावकहरूको रोइलो, घुँक्क घुँक्क गर्दै, आँसु नरोकिएको अवस्था छ, घर बारी बेचेर पनि बिदेसिने चलन जति दिवसहरू वा अभियानहरू थपिए, त्यति बेलादेखिकै रोइलो बढेको छ, घटेको छैन ।

हो, गत वर्ष पनि देशले २४ औं अन्तर्राष्ट्रिय युवा दिवस मनायो, सरकारले राष्ट्रिय युवा नीति २०७२ पनि सञ्चालनमा ल्यायो, आव २०८०/०८१ मा सरकारले युवा उद्यमशीलता वर्षका रूपमा मनायो, तिनलाई सहुलियत कर्जा, युवामैत्री लगानीको कुरा, नवप्रवर्द्धन र उद्यमशीलतालाई प्राथमिकता रहने पनि भन्यो, तर विदेश पलायनबाट रोक्ने ठोस नीति तय गरेन । देश नै आत्मनिर्भर नभएको अवस्थामा युवा मात्रैको प्रश्न छैन यहाँ तमाम विषयहरू ओझेल परेका छन्, समयमा काम सम्पन्न हुने भनेको यहाँ केवल निर्वाचन मात्रै हो, तलदेखि माथिसम्म राजनैतिक रोजगारी दिइने मात्रै हो, बाँकी काम सबै स्थिर रहने हाम्रो नियति छ । देशको ढुकुटी बढाउनैका लागि सरकार तिनको राहदानी बनाइदिएर, नो अब्जेक्सन लेटर दिएर, पैसा साट्दा आउने कमिसनको लोभमा परेर अनि त्यसैबाट थप कर लिएर राज्य ढुकुटी बढाउने गरेको छ र त्यो पैसाले नेताको विदेश उपचार खर्च र अनावश्यक सुरक्षा खर्चमा लगाएको छ । युवा लगायत वृद्धहरूबाट समेत आर्जित पैसाबाट यहाँ नेता पालिएका छन् । यहाँ रोजगारी छैन, भविष्य देखिँदैन, छ रोजगारी केवल राजनीतिको मात्र ।

देशमा जनशक्ति योजनाको अभाव र राजनैतिक अस्थिरताले ल्याएको विषम परिवेशका कारण धेरै नेपाली बाहिरिएका हुन् । सामाजिक र आर्थिक रूपान्तरण युवा शक्तिकै हातमा हुन्छ, सामाजिक सद्भावको अभिभारा पनि, सांस्कृतिक रूपान्तरण युवा जिम्मेवारीकै विषय हो, र राजनैतिक रूपान्तरण पनि । देश नराम्रो आर्थिक मन्दीमा फसेको छ, चौतर्फी सीमा समस्यामा अड्केको छ । राजनैतिक दलभित्र किचलो छ । गुट र उपगुटमा पर्दा देशका मूल मुद्दाहरू ओझेलमा छन् । सत्ताबिच टकराव छ भने नेतृत्वमा गुटबन्दी छ । सरकार विगतमा झैँ आकर्षक र मनै लोभिने खालको भाषण दिन छुटेको छैन, नीति कार्यक्रमदेखि बजेटसम्म र अन्य अर्ती उपदेश उसका नराम्रा छैनन्, तर जनता भने अन्योलमा । विदेशी ऋणको ठुलो भारी बोकेर, असह्य पीडामा, धान्नै, पाल्नै नसक्ने महँगा नेताहरू पाल्न असह्य भएका छन्, केन्द्रित छन् ती ।

नेपालको कूल जनसंख्यालाई विश्लेषण गर्दा, १६ देखि ४० वर्ष उमेर समूहका मानिसहरू अधिक छन् । देशको जनसंख्या तीन करोड पुगेन, नेपाली भने जन्मँदै ८४ हजार ऋणमा छन् । सबै युवा सीप सम्पन्न, उद्यमशील हुने हो भने हामीले सोचेको विकासको रफ्तार टाढा हुन्थ्यो । युवा जनशक्ति भनौं मानव पुँजी पलायन हुन नदिने र श्रम शक्ति मुलुकमै प्रयोग हुने वातावरण सिर्जना गर्ने काम सरकारको हो । सबैलाई सरकारले रोजगारी दिन नसके पनि रोजगारीका अवसर सिर्जना भने गर्न सक्छ । नाना र छानाकै लागि युवा शक्ति बिदेसिएको हो । कुनै पनि सरकारी काम बढी प्रक्रियामुखी झन्झट र अपारदर्शी भयो । सरकारले सामाजिक सुरक्षाको कुरा गरे पनि युवाहरूले पत्याएनन् । रोजगारदाताको सूचीकृत संख्या नगण्य छ, उद्योगहरू नै छैनन्, उत्पादन कसरी हुन्छ र रोजगारी ? रोजगारदाताहरू यस अभियानमा उत्साहित नभएको देखिन्छ । रोजगारी सिर्जना गरी उद्यमशीलतामा, उद्योगमा युवा शक्ति सरिक गराउने काममा लघु, घरेलु साना उद्योगहरूको बढी हात हुन सक्छ । तर यसै क्षेत्रबाट सामाजिक सुरक्षा अभियानमा खासै चासो दिएको देखिँदैन, बिमा कार्यक्रम पनि व्यापारिक भयो ।

हाम्रो सरकारले करमाथि कर थोपरेको छ । खर्च कटौती गर्न सक्ने धेरै आधारहरू छन्, त्यतातिर ध्यान दिनुभन्दा कार्यालय सञ्चालनकै लागि एउटैको डेढ करोड पर्ने महँगो गाडी किनिन्छ । शिक्षाको वातावरण छैन, मध्यम र उच्च शिक्षा प्राप्त युवा शक्ति विदेश पलायनबाट रोकिएनन् । व्यवहारिक र व्यावसायिक शिक्षाको अभाव छ मुलुकमा । युवा जोस जाँगरको प्रयोग हुने गरी दिइने तालीम, शिक्षण, प्रशिक्षणको अभाव छ यहाँ । केही तालिम, शिक्षण, प्रशिक्षण संस्थाहरू भए पनि समन्वयको अभाव छ । सरकारलाई लगानीको वातावरण तय गर्ने फुर्सदै छैन । युवाको सक्रिय जोस जाँगर मुलुकबाहिर पठाए आफ्नो विरोध कम हुन्छ भन्ने सोचियो । देशमा कृषि क्षेत्रको रूपान्तरणमा यो शक्तिको प्रयोग हुन सकेन । राजनैतिक दलहरूसँग सक्रिय हुने बाहेक अरू श्रम शक्ति खेर गइरह्यो । युवा शक्तिको सहभागिताबाटै विकास र राष्ट्र निर्माण सम्भव थियो । मुलुकमा जलस्रोतको कमी छैन । तर, यहीं मेलम्ची आएन, विद्युत् उत्पादन, सडक निर्माण, खानेपानी आपूर्तिदेखि पूर्वाधार विकासका क्षेत्रमा हाम्रै युवा जनशक्ति प्रयोग भएको हो भने अहिलेको विषम परिवेश आउँदैनथ्यो, दुनियाँले हामीलाई हेप्ने पनि थिएनन् ।

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

गरिबी, दुःख र अन्याय परेकालाई सेवा गर्नु मानवतावाद हो तर, यहाँ गरिब, दुःखी र अन्यायमा परेका अपेक्षित वर्ग, लिङ्ग, समुदाय र क्षेत्रलाई देखाएर आफू शासक बन्ने होडबाजीले ती उपेक्षित समुदाय वा वर्गले कहिल्यै न्याय पाएको हुँदैन ।




**- गंगा मानव**

शान्ति प्रक्रियासँग अभिन्न रूपमा सम्बन्धित सङ्क्रमणकालीन न्याय सम्बन्धित राजनीतिक सहमतिअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको विधेयक सदनले अनुमोदन गरेको छ । यो सहमतिसँगै शान्ति प्रक्रियाले पूर्णता पाएको छ । यद्यपि कार्यान्वयनको जटिलता बाँकी नै छ ।



**- रञ्जित तामाङ**

रमेश खरेल कसैबाट परिचालित भएर आफू विरुद्ध खनिएको भन्ने कुलमान घिसिङको निष्कर्ष रहेछ । त्यसो होइन, घिसिङ राजनीतिमा आउँछ कि भन्ने त्रास खरेलमा देखिन्छ । पुराना दलहरूबाट 'फ्रस्टेड' जनताको भोट घिसिङतिर गए आफू सुख्खा राम भइन्छ भन्नेमा खरेल सचेत छन् । घिसिङ राजनीतिमा आए त गज्जबै हुन्थ्यो ।



**- विष्णु ढकाल**

अहिले सरकारको अवस्था 'छुचो मुखमा काँचो पिँडालु' जस्तै भएको छ । मुख कति चिलाएको होला तर, खप्नु बाध्यता हो । अझै तत्कालीन अन्तर्राष्ट्रिय घटना क्रमले पनि झस्काएको छ । अरू बुद्धि त कति कति १०० बुद्धि त पुच्छरमा झुन्ड्याएर हिँड्ने स्यालले बाघ देख्नासाथ बुढीले बुद्धि निकाल भन्दा ...भित्र पस्यो भने झैँ छ ।

## तपाईंको राशिफल

मेष : मनोरञ्जनात्मक यात्रा हुनेछ । दैनिक आम्दानी राम्रो रहनेछ ।

वृष : सामाजिक कार्यमा वृद्धि हुनेछ । नयाँ कार्य बन्ने योग छ ।

मिथुन : बाहिरी सहयोगमा कमी आउनेछ । विरोधी कमजोर हुनेछन् ।

कर्कट : नौलो कार्यहरूमा विशेष सावधानी राख्नुपर्छ । शत्रु कमजोर हुनेछन् ।

सिंह : राम्रो आय प्राप्त हुनेछ । स्वास्थ्य गडबड हुने योग छ ।

कन्या : स्वास्थ्य लाभ मिल्नेछ । शिक्षा सम्बन्धी कार्यमा रोकावट आउनेछ ।

तुला : विनम्रतासित कार्य गर्न राम्रो हुन्छ । नयाँ काम बन्ने योग छ ।

वृश्चिक : विद्यार्थीहरूको कार्यमा प्रगति हुनेछ । नयाँ सम्पर्क बन्ने योग छ ।

धनु : पारिवारिक सदस्यमा वृद्धि हुनेछन् । माङ्गलिक कार्य हुने योग छ ।

मकर : राजनैतिक सहयोग प्राप्त हुनेछ । नयाँ मित्र बन्ने योग छ ।

कुम्भ : लापरबाहीले गर्दा अशान्ति र कार्यमा रोकावटको योग छ ।

मीन : नौलो कार्य प्रारम्भ हुनेछ । वाहन खरिद हुने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# इन्जिनियरिङ एशोसिएसनले उठाउनै पर्ने एजेन्डा

विचार



● कौशल गोपालवंशी

> *दिन प्रतिदिन आधुनिकीकरण हुँदै गरेको प्रविधिलाई हाम्रो विकासमा प्रयोग गर्नको लागि हाम्रो देशको इन्जिनियरहरू पनि दक्ष हुनु पर्छ । दक्ष प्राविधिक जनशक्तिको लागि इन्जिनियरिङ संघसंगठनले कसरी काम गर्ने भन्ने सन्दर्भमा छलफल गर्नै पर्छ । यदि अझै पनि इन्जिनियरहरू चुकेको खण्डमा हाम्रो मुलुकको विकासमा इन्जिनियरहरूले अपेक्षाकृत योगदान गर्न सक्दैनन् ।*

नेपाल इन्जिनियरिङ एशोसिएसन एक इन्जिनियरहरूको हक हितको लागि लड्ने छाता सङ्गठन हो । इन्जिनियरिङ पेसालाई मर्यादित र व्यवस्थित बनाउनु नेपाल इन्जिनियरिङ एशोसिएसनको प्रमुख कार्य हो । नेपाल इन्जिनियरिङ एशोसिएसनको नयाँ नेतृत्वको लागि आउँदो भदौ २२ गते निर्वाचन हुँदै छ । विभिन्न सङ्गठनहरूले आ-आफ्नो सङ्गठनको तर्फबाट उम्मेदवारी दर्ता गराउने कार्यलाई तीव्रता दिएका छन् । साथै, सङ्गठनहरूले प्रचार-प्रसार पनि तीव्र बनाएका छन् । अघिल्लो चुनाव जस्तै यो पटकको चुनावमा पनि मत दिनको लागि प्राप्त भएको म्यासेज/कलमा पनि कसैले इन्जिनियरिङ पेसालाई मर्यादित र व्यवस्थित बनाउनको लागि कुनै ठोस कार्य योजना/ठोस मुद्दालाई अगाडी ल्याएको देखिन्न ।

तर, चुनावमा होमिएका इन्जिनियरिङ संघ सङ्गठनहरूले आधुनिकीकरण भइरहेको समयमा समय अनुकूल कसरी इन्जिनियरिङ पेसालाई थप बलियो बनाउन सकिन्छ भन्ने कुरामा विशेष ध्यान पुऱ्याउनु पर्छ । देशको विकासमा महत्वपूर्ण भूमिका रहने इन्जिनियरिङ पेसामा प्रयोग हुने नयाँ प्रविधिले भौतिक विकासलाई छिटोछरितो तथा जनतामुखी बनाई सुशासनको प्रभुत्व अनुभव गराउन महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । यसरी दिन प्रति दिन आधुनिकीकरण हुँदै गरेको प्रविधिलाई हाम्रो विकासमा प्रयोग गर्नको लागि हाम्रो देशको इन्जिनियरहरू पनि दक्ष हुनु पर्छ । दक्ष प्राविधिक जनशक्तिको लागि इन्जिनियरिङ संघसंगठनले उत्थान गर्नै पर्ने विभिन्न मुद्दाको बारेमा यहाँ चर्चा गरिएको छ ।

### ऐन संशोधनको एजेन्डा

नेपाल इन्जिनियरिङ सेवा दिन प्रति दिन आधुनिकीकरण हुँदै गएको सन्दर्भमा प्रविधिसँग मेल खाने गरी नीति आउनुपर्छ । यद्यपि, हामीकहाँ आजभन्दा ३० वर्ष पहिला बनाइएको इन्जिनियरिङ सेवा ऐन कार्यान्वयनमा छ । जसलाई संशोधन गर्ने सन्दर्भमा कहीँ कतैबाट बलियो आवाज उठ्न सकिरहेको छैन । इन्टरनेट पनि राम्रोसँग विकास नभएको समयको ऐनले आज आर्टिफिसियल इन्टेलिजेन्स तथा मेसिन लर्निङ्गको विकास भएको समयसँग कुनै पनि हालतमा प्रतिस्पर्धा गर्न सक्दैन ।

### अधिकार सम्पन्न काउन्सिलको व्यवस्था

अहिले नेपाल सरकार कै विभिन्न निकायमा इन्जिनियरिङ काउन्सिलमा दर्ता नभएकोलाई इन्जिनियरिङ पद बढुवा गरी नियुक्ति दिने गरेको पाइन्छ । जुन विश्वव्यापी अभ्यास अनुकूल होइन । अर्कोतर्फ जसरी चिकित्सकहरूले कमजोरी गर्दा हेर्ने निकाय चिकित्सा काउन्सिल बनाइएको छ, त्यसै गरी इन्जिनियरिङ काउन्सिललाई पनि सक्रिय बनाउन आवश्यक छ । जसमाथि आगामी चुनाव छलफल हुनुपर्छ ।

### व्यावसायिक इन्जिनियर हुनुपर्ने

कार्यालय प्रमुख वा उपसचिवदेखि माथिल्लो पदमा कार्यरत इन्जिनियरले व्यावसायिक इन्जिनियर (प्रोफेसनल इन्जिनियर)मा अनिवार्य दर्ता गराउनु पर्ने व्यवस्था हुनुपर्छ । जसले एकातिर स्वयम् इन्जिनियरको कार्य दक्षतामा वृद्धि गर्छ भने अर्कोतिर आममा विश्वास बढाउँछ ।

साथै, स्थानीय तहमा कार्यरत इन्जिनियर कै आदेशमा इन्जिनियरिङ सम्बन्धित कामको भुक्तानी हुनुपर्ने अर्थात् प्राविधिक कार्यको भुक्तानीमा प्रशासकीय प्रमुखको संलग्नता नहुने व्यवस्था हुनुपर्छ ।

### सम्बन्धित मन्त्री इन्जिनियर हुनुपर्ने

गैर इन्जिनियर मन्त्री हुँदा प्राविधिक विषयमा ज्ञान र सिपको कमीले गर्दा बिचौलिया हाबी हुने अथवा कुनै खास व्यक्ति विशेषको निर्देशनमा काम गर्दा मन्त्रालयको हकहित भन्दा कुनै खास समूहको स्वार्थको लागि कार्य हुने गरेको देखिन्छ । जुन परिपाटी तोडिनु अनिवार्य छ । जसको लागि स्वयम् मन्त्री नै प्राविधिक दक्ष भएको खण्डमा बिचौलिया हाबी हुने अवस्था कम रहन्छ ।

साथै, इन्जिनियरिङ कलेजमा कार्य गर्ने प्राध्यापक/लेक्चर पनि व्यवसायिक इन्जिनियरमा दर्ता हुनु पर्ने, डिटेल प्रोजेक्ट रिपोर्टमा भएको त्रुटिको कारणले नेपाल सरकार/क्लाईन्टलाई हुने घाटामा सम्बन्धित कम्पनीलाई कारबाही गर्नुपर्ने, इन्जिनियरिङ पेसालाई बदनाम गर्ने मनसायले खोलिएको कफी सिप/रेस्टुरेन्ट इत्यादि लाई बन्द गराउनु पर्ने, भ्रष्टाचारमा अदालतबाट दोषी करार भएका इन्जिनियरको लाइसेन्स खारेजी हुनुपर्ने, इन्जिनियरको मासिक न्यूनतम तलब समयानुकूल हुनुपर्ने, निर्माण स्थलमा 'सेफ्टी फस्ट' सिद्धान्तलाई अनिवार्य गर्ने लगायतका व्यवस्थाबारे चुनावमा एजेन्डा बनाइनुपर्छ । तब मात्र यो क्षेत्रको व्यवस्थित विकास सम्भव छ ।

# स्वतन्त्रता दिवसमा मोदीद्वारा साझा नागरिक संहितामा पुनः जोड



**काठमाडौं/एजेन्सी-** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार राष्ट्रिय साझा नागरिक संहिता कानूनका साथ अघि बढ्न खोजेको बताएका छन् ।

भारतका एक अर्ब ४० करोड मानिस सामान्य फौजदारी कानूनको अधीनमा छन् । तर विवाह, सम्बन्धविच्छेद र उत्तराधिकार जस्ता व्यक्तिगत मामिलामा नियमहरु फरकफरक हुन्छन् । प्रस्तावित नागरिक संहिताले सबै धार्मिक समुदायका कानूनहरुलाई मानकीकरण गर्नेछ ।

प्रधानमन्त्री मोदीले वार्षिक स्वतन्त्रता दिवसको सम्बोधनमा विभिन्न कानूनले मुलुकलाई विभाजन गरेको बताए । 'धर्मका आधारमा मुलुकलाई विभाजन गर्ने, असमानताको कारण बन्ने ती कानूनहरुको आधुनिक समाजमा कुनै स्थान हुनुहुन्न,' उनले भने, 'त्यसैले म भन्छु : मुलुकमा एउटा धर्मनिरपेक्ष नागरिक संहिता हुनुपर्छ भन्ने समयको माग हो ।'

मोदीले जुनमा कार्यालयमा लगातार तेस्रोपटक जित हासिल गरेका छन् । तर उनको भारतीय जनता पार्टी (भाजपा) लाई एक दशकमा पहिलो पटक पूर्ण बहुमत हासिल नभएपछि उनी गठबन्धन सरकार बनाउन बाध्य भएका छन् ।

'हामी बसेको नागरिक संहिता वास्तवमा एक प्रकारको साम्प्रदायिक नागरिक संहिता हो, विभेदको संहिता हो,' प्रधानमन्त्री मोदीले उक्त मुद्दामा बहस गर्न आह्वान गर्दै भने, 'सबैले आ-आफ्नो धारणा राख्नुपर्छ ।'

मोदीले बेलायतबाट भारतको स्वतन्त्रताको सम्झनामा १७औं शताब्दीको भव्य लालकिल्लाबाट सम्बोधन गरे । भारतका पहिलो प्रधानमन्त्री जवाहरलाल नेहरुले पदभार ग्रहण गरेदेखि नै लालकिल्लाबाट सम्बोधन गर्ने वार्षिक परम्परा बनेको छ ।

# रुसी सैन्य हवाई अखडामा युक्रेनी आक्रमण



**काठमाडौं/एजेन्सी-** पछिल्लो समय युक्रेनले रुसको कुर्स्क क्षेत्रमा आक्रमण बढाउँदै गएको छ । यसै क्रममा बुधबार सबैभन्दा ठूलो र लामो दूरीको ड्रोन आक्रमण गरी चार रुसी सैन्य हवाई क्षेत्रमा आक्रमण गरेको सञ्चारमाध्यमहरुले जनाएका छन् ।

युक्रेनी जनरल स्टाफले टेलिग्राममार्फत् सार्वजनिक गरेको विज्ञप्तिअनुसार रुसको भोरोनेज, कुर्स्क र निझनी नोभगोरोड क्षेत्रमा भएको ड्रोन हमलाको उद्देश्य इन्धन गोदाम र उड्यन हतियार नष्ट गर्नु रहेको उल्लेख छ ।

कुर्स्कमा अभै अघि बढ्ने क्रम जारी राख्ने युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले टेलिग्राममार्फत जानकारी गराएका छन् । सीमा क्षेत्रमा रणनीतिक सुरक्षित क्षेत्र स्थापना गर्दै करिब १२ हजार युक्रेनी सैनिक रुसको कुर्स्क क्षेत्रमा प्रवेश गरेको विभिन्न अन्तर राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । जेलेन्स्कीले युक्रेनले दाबी गरी कब्जा गरेको क्षेत्रमा आवश्यक परेमा सैन्य कमाण्डको कार्यालय स्थापना गरिने बताएका छन् ।

यसैबीच मस्कोबाट प्राप्त समाचारमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यसअघि कुर्स्कमा युक्रेनी आक्रमणलाई भड्काउने आक्रमणको रुपमा वर्णन गर्दै युक्रेनले नागरिकलाई लक्षित गरेको आरोप लगाएका छन् ।

रुसको रक्षा मन्त्रालयले गत २४ घण्टामा आफ्नो सेनाले कुर्स्क क्षेत्रमा छ वटा युक्रेनी आक्रमणलाई असफल बनाएको घोषणा गरेको छ । रुसले कुर्स्कलगायतका क्षेत्रमा युक्रेनले प्रक्षेपण गरेका ११७ ड्रोन र चार सामरिक महत्वका मिसाइलहरु नष्ट गरेको दाबी गरेको छ । साथै मन्त्रालयले युक्रेनले कुर्स्कमा आक्रमण गर्दा दुई हजार ३०० सैनिक तथा ३७ ट्यांकहरु गुमाएको जनाएको छ ।

युक्रेनी आक्रमणको प्रतिक्रियास्वरुप रुसको नेसनल गार्डले कुर्स्कको आणविक उर्जा संयन्त्रमा सुरक्षा उपायहरु बढाएको छ ।

# अष्ट्रेलियामा बेरोजगारी दर बढ्यो

**काठमाडौं/एजेन्सी-** अष्ट्रेलियामा बेरोजगारी दर बढेर दुई वर्षयताकै उच्च स्तरमा पुगेको छ । 'अष्ट्रेलियन ब्युरो अफ स्ट्याटिस्टिक्स (एबीएस)' ले बिहीबार सार्वजनिक गरेको आधिकारिक तथ्यांकअनुसार जुलाईमा अष्ट्रेलियाको बेरोजगारी दर बढेर ४.२ प्रतिशत पुगेको छ । गत जून महिनामा यो दर ४.१ प्रतिशत थियो । हालको बेरोजगारी दर सन् २०२१ को नोभेम्बर पछिकै उच्च हो ।

'अष्ट्रेलियन ब्रोडकास्टिङ कर्पोरेसन (एबीसी)'का अनुसार अर्थशास्त्रीहरूले जुलाईमा बेरोजगारी दर ४.१ प्रतिशतमा स्थिर रहने अनुमान गरेपनि बेरोजगारी दर निरन्तर बढ्ने संकेत पछिल्लो तथ्यांकले देखाएको छ ।

एबीएसका अनुसार जुलाईको मध्यसम्ममा रोजगार अष्ट्रेलियालीहरूको कूल संख्या ५८ हजार २०० ले बढेर एक करोड ४४ लाख ६० हजार पुगेको छ ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **रिदम ओभरसिज प्रा. लि.** इजाजत पत्र न. ८६५/०६६/०६७ मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | Ramesh Sapkota | Share Holder |
| २. | Santosh Prasad Nepal | General Manager |
| ३. | Sima Kumari Chaudhary | Accountant |

Govt. Lic. No. 865/066/067
RHYTHM OVERSEAS PVT. LTD.
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9804766695, 9766461836, Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **शेरमन गोल्बल म्यानेजमेन्ट कन्सल्टेन्ट (प्रा.) लि.** इजाजत पत्र न. १२१९/०७४/०७५ मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | कृष्ण बहादुर बस्नेत | १११२०७/४२ | पिआरो |

SGMC Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com | hr@shermanconsultants.com

## CYPRUS मा रोजगार ।

कम्पनी : ANSOT EMPLOYMENT SERVICES LIMITED
शहर : Ayia Napa
पूर्व स्वीकृत मितिः २०८१/०४/३० चलानी नं.: ६०२२३५९० LT. No.: 308931

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 10 | 10 | स. काममा दक्ष | 600 | ८८,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ANSOT EMPLOYMENT SERVICES LIMITED
शहर : Ayia Napa
पूर्व स्वीकृत मितिः २०८१/०४/३० चलानी नं.: ६०२२३५५९ LT. No.: 308930

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 20 | 0 | स. काममा दक्ष | 700 | १०३,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ७ गते (23 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FM GROUP OVERSEAS PVT. LTD.
Gov. Lic. No.: 1134/073/074
Tokha-10, Samakhusi, Tel. No.: 01-4952278
E-mail : fmoverseas5@gmail.com

## साउदीमा रोजगार ।

कम्पनी : BRUNTON WIRE ROPES INDUSTRIAL COMPANY LIMITED
शहर: AL KHOBAR
पूर्व स्वीकृत मितिः २०८१/०४/३० चलानी नं.: ६०२२३५९४ LT. No.: 308970

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Supervisor Worker | 1 | 0 | | 2000 | ७१,४०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ९ गते (25 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

गोल्डेन इगल मेनपावर प्रा. लि.
श्रम इजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोनः ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com

## साउदीमा रोजगार ।

कम्पनी : BABA DELIVERY COMPANY TO TRANSPORT PARCELS
शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/३० चलानी नं.: ६०२२३५८९ LT. No.: 308954

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Driver Light | 19 | 0 | | 1500 | ५३,५५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ७ गते (23 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gulf Asia Manpower Pvt. Ltd.
Govt. Lic. No. 1278/074/075
Battisputali, Gaushala-09, Kathmandu, Nepal, Hotline.:+977 9802340340 | 9802340341
Email : info@gulfasia.com.np web:www.gulfasia.com.np | Damak Branch: 9801615255

## कुवेतको 4 STAR HOTEL मा रोजगारको अवसर



कम्पनी : KUWAIT HOLIDAY INN HOTEL
शहर: KUWAIT

| पूर्व स्वीकृत मितिः २०८०/१२/१५ | चलानी नं.: ६०२१७५५१ | L.T. No.: 302672 | पुन विज्ञापन |
|---|---|---|---|

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Engineering Technician | 5 | 5 | सम्बन्धित काममा दक्ष | 180 | ७८,८२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Housekeeping Attendant | 20 | 15 | | 120 | ५२,५५१ | | | | | | | |
| 3. | Tailor | 5 | 5 | | 150 | ६५,६८९ | | | | | | | |
| 4. | Waiter/waitress | 20 | 20 | | 120 | ५२,५५१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ७ गते (23 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABTOOR INTERNATIONAL PVT. LTD.
Govt. Lic. No. 1147/073/74
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Toura Middle East General Contracting Company, One Person Company शहर : RIYADH
पूर्व स्वीकृत मितिः२०८१/०४/३० चलानी नं.: ६०२२३५८८ LT. No.: 305959

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | स. काममा दक्ष | 2500 | ८९,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ७ गते (23 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

लिभरपुल एच. आर. शोलुशन प्रा. लि.
Liverpool H.R. Solution Pvt. Ltd.
